**सर्वोच्च अदालत, संयुक्त इजलास**
**माननीय न्यायाधीश श्री विश्वम्भरप्रसाद श्रेष्ठ**
**माननीय न्यायाधीश श्री हरिप्रसाद फुयाल**
**आदेश**
**०७९-WH-०१४७**

**मुद्दा :- बन्दीप्रत्यक्षीकरणसमेत।**

मोरङ जिल्ला अमरदह गा.वि.स. वडा नं. ९ बस्ने हाल कारागार कार्यालय नख्खु ललितपुरमा थुनामा रहेको प्रमेश राजवंशी------------------------------------ १ — **निवेदक**

**विरुद्ध**

प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, सिंहदरबार, काठमाडौं----------------१
गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं-------------------------------------------१
कारागार व्यवस्थापन विभाग, कालिकास्थान, काठमाडौं-------------------------१ — **विपक्षी**
जिल्ला प्रशासन कार्यालय, ललितपुर--------------------------------------------१
कारागार कार्यालय नख्खु, ललितपुर--------------------------------------------१

नेपालको संविधानको धारा १३३ को उपधारा (२) र (३) तथा सर्वोच्च अदालत नियमावली, २०७४ को नियम ३३ बमोजिम यस अदालतमा दायर हुन आएको प्रस्तुत रिट निवेदनको संक्षिप्त तथ्य र आदेश यस प्रकार छ :-

**मुद्दाको तथ्यः**

१. म निवेदक प्रमेश राजवंशी, लालबहादुर लिम्बुको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा मिति २०७१।०७।२६ गते पक्राउ परी मोरङ जिल्ला अदालतबाट मिति २०७३।०३।२७ गते फैसला हुँदा २० वर्ष कैदको सजाय भई मिति २०७१।०७।२६ गतेदेखि नै कैदको लगत कट्टा हुने गरी कैदी पूर्जी पाई हालसम्म कैदमा बसिरहेको अवस्था छ। फौजदारी कसूर (कैद कट्टा) नियमावली, २०७६ को नियम ४ ले गरेको व्यवस्था अनुसार कैदी बन्दीको चालचलनको अभिलेख राखिएको हुन्छ। म निवेदक ४०% कैद भुक्तान गरिसकेको असल चालचलन भएको कैदी हुँ। कारागार

व्यवस्थापन विभागले संविधान दिवस, गणतन्त्र दिवस र प्रजातन्त्र दिवसको अवसरमा कैद कट्टा प्रयोजनको लागि गर्ने गरेको परिपत्रमा मिति २०७५।०५।०१ भन्दा अगाडि वारदात भई साबिकको कानूनी व्यवस्थाबमोजिम सजाय कायम भएका कैदी बन्दीलाई ६०% कैद कट्टा (छुट) को लागि सिफारिस गरी पठाउनु भनी कारागार कार्यालयहरुलाई किटानी रुपमा परिपत्र गरेकोमा हाल सर्वोच्च अदालतको आदेशको ठाडै उल्लङ्घन गरी गरेको परिपत्रमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिमको कैद अवधि ५०% पूरा गरेका कैदी बन्दीको मात्र कैद कट्टाको लागि सिफारिस गरी पठाउनु भनी कारागार कार्यालयहरुमा परिपत्र गरेबाट म निवेदक कैद कट्टाको लागि निवेदन दिन नपाउने भई मेरो नाम सिफारिस नहुने अवस्था सिर्जना भएको छ। अतः साबिक कारागार नियमावली, २०२० को नियम २९(१) बमोजिम ४०% कैद भुक्तान गरी सकेका कैदीबन्दीहरुको कैद कट्टा (छुट) गर्नको लागि अविलम्ब जे जो गर्नुपर्ने आवश्यक कार्य गरी गैरकानूनी रुपमा थुनामा रहेको म निवेदकलाई थुना मुक्त गरी दिनु भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरण, उत्प्रेषणयुक्त परमादेशलगायत आदेश जारी गरी पाउँ भन्नेसमेत बेहोराको प्रमेश राजवंशीको रिट निवेदन।

२. यसमा के कसो भएको हो ? निवेदकको माग बमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश जारी हुन नपर्ने भए आधार कारणसहित ३(तीन) दिनभित्र लिखित जवाफ पेस गर्नु भनी महान्यायाधिवक्ताको कार्यालयमार्फत लिखित जवाफ लिई उपस्थित हुन आउनु भनी विपक्षीहरुका नाममा यो आदेश र रिट निवेदनको प्रतिलिपिसमेत साथै राखी म्याद सूचना पठाई सोको बोधार्थ महान्यायाधिवक्ताको कार्यालयलाई दिई म्यादभित्र लिखित जवाफ परे वा अवधि नाघेपछि नियमानुसार पेस गर्नु भन्ने यस अदालतको मिति २०७९।११।०८ को आदेश।

३. प्रजातन्त्र दिवस २०७९ फाल्गुण ७ गतेको लागि यस कारागारमा रहेका कैदी बन्दीहरुको बाँकी कैद कट्टा माफी मिनाहाका लागि कारागार व्यवस्थापन विभागसमक्ष नेपालको संविधानको धारा २७६ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ संशोधनसहितको दफा ३७ बमोजिमको अवधि पुरा गरेका एवं फौजदारी कसूर कैद कट्टा पहिलो संशोधन नियमावली, २०७६ को नियम ३ समेतको आधारमा कारागारमा रहेका कैदी बन्दीमध्ये असल चालचलन भएका कैदी बन्दीहरुका लागि बाँकी कैद कट्टा माफी मिनाहाका लागि सिफारिस गरी पठाइएको हुँदा निवेदकको माग बमोजिम यस कार्यालयउपर रिट जारी हुन नपर्ने हुँदा रिट निवेदन खारेज गरी पाउँ भन्नेसमेत बेहोराको कारागार कार्यालय, नख्खु ललितपुरको लिखित जवाफ।

४. निवेदक प्रमेश राजवंशीको हकमा कैद माफीको लागि कारागार कार्यालय नख्खु, ललितपुरबाट प्रचलित कानूनबमोजिम सिफारिस भई नआएको सम्बन्धमा यस कार्यालयलाई

कैदी व्यवस्थापनको विषयमा थप निर्णय गर्न सक्ने कानूनी दायित्व रहँदैन। नेपालको प्रचलित ऐन, नियम, कानूनले तोकेको शर्त र प्रक्रिया पुरा गरी कारागार कार्यालय नख्खु, ललितपुरबाट सिफारिस भई आएको अवस्थामा कानूनबमोजिम कैद माफी मिनाहाको लागि कारागार व्यवस्थापन विभागमा सिफारिस गर्नेतर्फ कारबाही हुने नै हुँदा यस कार्यालयको हकमा रिट निवेदन खारेजभागी छ भन्नेसमेत बेहोराको जिल्ला प्रशासन कार्यालय, ललितपुरको लिखित जवाफ।

५. कारागार नियमावली, २०२० को नियम २९(२क) अनुसार चालिस प्रतिशत कैद भुक्तान गरेका बन्दीलाई दिने सुविधा ऐ. नियमावलीको पन्ध्रौं संशोधनले हटाई सकेको अवस्था छ। कैदकट्टा सम्बन्धी प्रचलित कानून फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ ले गरेको व्यवस्थाअनुसार नै कैद कट्टाको सिफारिस माग गरिएको अवस्थामा कानूनले अन्य व्यवस्था नगरेसम्म सोही व्यवस्थाबमोजिम हुने भएकोले रिट निवेदन खारेज भागी छ। खारेज गरी पाउँ भन्नेसमेत बेहोराको कारागार व्यवस्थापन विभाग, कालिकास्थान काठमाडौंको लिखित जवाफ।

६. मोरङ जिल्ला अदालतबाट भएको फैसलाअनुसार ठेकिएको कैद भुक्तान गर्न कारागारमा थुनामा रहेको विषयलाई गैरकानूनी थुना भन्न मिल्ने होइन। निवेदकलाई कानूनबमोजिम मोरङ जिल्ला अदालतले गरेको फैसलाबमोजिम कैदमा राखिएको हुँदा रिट निवेदन खारेज भागी छ भन्ने गृह मन्त्रालयको लिखित जवाफ।

७. कैद छुटको व्यवस्था अधिकार नभई राज्यले सुविधाको रुपमा प्रदान गर्न सक्ने व्यवस्था हो। निवेदकलाई कर्तव्य ज्यान मुद्दामा कसूरको गम्भीरताकै आधारमा बीस वर्ष कैद भएको देखिन्छ। गम्भीर कसूर गरेका व्यक्तिले सजायमा छुट पाउनु पर्ने भन्ने निजको मनोगत चाहना मात्र हो। प्रस्तुत रिट निवेदन खारेजभागी छ भन्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको लिखित जवाफ।

## यस अदालतको ठहरः

८. नियमबमोजिम पेसी सूचीमा चढी पेस हुन आएको प्रस्तुत रिट निवेदनको मिसिल कागजात अध्ययन गरियो।

९. निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा, श्री सुरेन्द्रकुमार महतो तथा अधिवक्तात्रय श्री रमेश रोक्का, श्री मञ्जुल गौतम र श्री मुना दाहालले निवेदकलाई मोरङ जिल्ला अदालतको मिति २०७३।०३।२७ को फैसलाले भएको २० वर्ष कैदको सजाय भुक्तान गर्नको लागि मोरङ जिल्ला अदालतबाट निज पक्राउ परेको मिति २०७१।०७।२६ देखि कैद कट्टा हुनेगरी मिति २०९१।०७।२५ गतेसम्म कैदमा राख्न दिइएको कैदी पूर्जिबमोजिम हाल कारागारमा बसी कैद भुक्तान गर्दै आएका छन्। निजले ४० प्रतिशत कैद भुक्तान गरी सकेको हुँदा साबिक कारागार नियमावली, २०२० को

नियम २९(१) बमोजिम बाँकी कैद माफी मिनाहाको लागि निजको असल चालचलनको आधारमा कारागार कार्यालयले सम्बन्धित निकायमा सिफारिस गर्नु पर्नेमा नगरेकोले अनावश्यक रुपमा बढी कैदमा बस्नुपर्ने भयो। अतः बन्दीप्रत्यक्षीकरणको आदेशसमेत जारी गरी निवेदकलाई कैद मुक्त गरिनुपर्छ भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

१०. विपक्षीहरुको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री शान्तिप्रसाद लुइटेलले निवेदकलाई मोरङ जिल्ला अदालतबाट मिति २०७३।०३।२७ मा भएको फैसलाले लागेको २० वर्ष कैदको सजाय कार्यान्वयन गर्नको लागि कारागार कार्यालयमा कैदमा राखिएको अवस्था हुँदा बन्दी प्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने होइन भन्नेसमेत बहस प्रस्तुत गर्नुभयो।

११. उपर्युक्तबमोजिम बहस जिकिर सुनी रिट निवेदन माग दाबीबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी हुनुपर्ने हो वा होइन ? सोही विषयमा निर्णय दिनुपर्ने देखिन आयो।

१२. निर्णयतर्फ विचार गर्दा लालबहादुर लिम्बुको जाहेरीले वादी नेपाल सरकार भएको कर्तव्य ज्यान मुद्दामा म निवेदक मिति २०७१।०७।२६ मा पक्राउ परी मोरङ जिल्ला अदालतबाट मिति २०७३।०३।२७ मा भएको फैसलाले २० वर्ष कैद सजाय भई हालसम्म कारागार कार्यालय नख्खु, ललितपुरमा कैद भुक्तान गरिरहेको छु। पक्राउ परेको मितिले हालसम्म ४०% कैद भुक्तान गरिसकेको छु। साबिक कारागार नियमावली, २०२० को नियम २९(१) बमोजिम ४०% कैद भुक्तान गरिसकेका कैदीहरुको असल चालचलनको आधारमा बाँकी कैद छुटका लागि कारागार कार्यालयले सिफारिस गर्नु पर्नेमा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ बमोजिम ५०% कैद सजाय भुक्तान गरेका कैदीहरुको हकमा मात्र बाँकी कैद छुटको लागि सिफारिस गर्नु भनी कारागार व्यवस्थापन विभागबाट कारागार कार्यालयलाई परिपत्र गरिएकोले थप गैरकानूनी थुनामा बस्नु पर्ने हुन गयो। अतः कारागार नियमावली, २०२० को साबिकको नियम २९(१) बमोजिम कैद छुट पाउने गरी कैद कट्टाको लागि सिफारिस लगायत जे जो गर्नुपर्ने आवश्यक कार्य गरी गैरकानूनी थुनाबाट म निवेदकलाई थुना मुक्त गरी दिनू भनी विपक्षीहरुका नाममा बन्दीप्रत्यक्षीकरण, उत्प्रेषणयुक्त परमादेशलगायत आवश्यक आदेश जारी गरी पाउँ भन्ने निवेदक प्रमेश राजवंशीको मुख्य रिट निवेदन बेहोरा रहेछ।

१३. विपक्षीहरुको लिखित जवाफ हेर्दा कारागारमा रहेका कैदी बन्दीहरुको बाँकी कैद कट्टा माफी मिनाहाका लागि कारागार व्यवस्थापन विभागसमक्ष नेपालको संविधानको धारा २७६ तथा फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ संशोधनसहितको दफा ३७ बमोजिमको अवधि पुरा गरेका एवं फौजदारी कसूर कैद कट्टा पहिलो संशोधन नियमावली, २०७६ को नियम ३ समेतको आधारमा कारागारमा रहेका कैदी बन्दीमध्ये असल चालचलन भएका कैदी बन्दीहरुका लागि बाँकी कैद कट्टा माफी मिनाहाका लागि

सिफारिस गरिने हुँदा निवेदकको माग बमोजिम रिट जारी हुन पर्ने होइन भन्ने कारागार कार्यालय, नख्खु ललितपुरको लिखित जवाफबाट देखिन्छ।

१४. निवेदकको थुना गैरकानूनी हो वा होइन भन्ने सम्बन्धमा हेर्दा लालबहादुर लिम्बुको जाहेरीले वादी नेपाल सरकार प्रतिवादी प्रमेश राजवंशीसमेत भएको कर्तव्य ज्यान मुद्दामा यी निवेदक प्रतिवादी प्रमेश राजवंशीलाई मोरङ जिल्ला अदालतबाट मिति २०७३।०३।२७ मा भएको फैसलाले २० वर्ष कैद सजाय भएको पाइन्छ। उक्त मुद्दामा यी निवेदक मिति २०७१।०७।२६ मा पक्राउ परी प्रहरी हिरासत तथा थुनामा रहेको देखिदा निज पक्राउ परी हिरासतमा रहेको मिति २०७१।०७।२६ गतेदेखि नै निजलाई लागेको कैद कट्टा हुनेगरी मिति २०९१।०७।२५ गतेसम्म कैदमा राखी मिति २०९१।०७।२६ गते थुना मुक्त गरी दिनु भनी मोरङ जिल्ला अदालतबाट च.नं. १४८३७, मिति २०७३।०९।२४ को कैदी पूर्जि जारी भएको देखिन्छ। यसरी कर्तव्य ज्यान मद्दाको रोहमा यी निवेदक प्रतिवादीलाई तोकिएको कैद अवधि भुक्तान गर्ने प्रयोजनका लागि कानूनबमोजिम कैदी पूर्जि प्रदान गरी कैदमा राखिएको कुरामा कुनै विवाद रहेन।

१५. जहाँसम्म आफूलाई कानूनबमोजिम कैद छुट दिनुपर्नेमा नदिएकोले आफू विरुद्धको थुना गैरकानूनी हो भन्ने निवेदन जिकिर छ, सो सम्बन्धमा सबद्ध कानूनी व्यवस्था हेर्दा हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ को दफा ३७ मा कैदमा रहँदा चालचलनमा सुधार आएमा र निजले ५०% कैद सजाय भुक्तान गरेमा निजलाई भएको कैद सजाय कारागारले तोकिएबमोजिम कट्टा गर्न सक्नेछ भन्ने व्यवस्था रहेको पाइन्छ। तर उक्त व्यवस्था मिति २०७५।०५।०१ देखि लागू भएको पाइन्छ। साबिकको कारागार नियमावली, २०२० को नियम २९ हेर्दा असल चालचलन भएका कैदीको कैदको सजाय छोट्याउने सम्बन्धी व्यवस्था अन्तर्गत उपदफा (१) मा "**असल चालचलन भएका कैदीलाई तोकिएको कैदको सजायमा बढीमा ६० प्रतिशतसम्म कैदको सजाय छोट्याउन सकिनेछ**" भन्ने व्यवस्था रहेको पाइयो।

१६. यसैगरी केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) मा "**कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ। तर त्यस्तो सजाय मुलुकी अपराध संहितामा सोही कसूरमा लेखिएको सजायभन्दा बढी हुने रहेछ भने मुलुकी अपराध संहितामा लेखिएको हदसम्म मात्र सजाय कार्यान्वयन हुनेछ**" भन्ने व्यवस्था रहेको पाइन्छ। अब यी निवेदकका हकमा के कुन कानून आकर्षित हुने हो ? र निजले ४० वा ५० प्रतिशतमध्ये के कुन अवधि कैद भुक्तान गरेपछि बाँकी कैद अवधि छुट पाउने हो भन्ने सम्बन्धमा हेर्दा निजलाई २०७३ सालमा भएको कर्तव्य ज्यान मुद्दाको वारदातमा तत्काल प्रचलित कानूनका आधारमा २० वर्ष कैद भएको अवस्था छ। निजलाई लागेको उक्त कैद

हाल प्रचलित मुलुकी अपराध संहितामा उल्लेख भएभन्दा बढी रहेको देखिएन। साथै वारदातका बखत साबिक कारागार नियमावली, २०२० प्रचलनमा रहेको पाइन्छ। सोका अतिरिक्त हाल प्रचलित केही नेपाल कानूनलाई संशोधन, एकिकरण, समायोजन र खारेज गर्ने ऐन, २०७४ को दफा ३९ को उपदफा (२) को खण्ड (ग) मा "**कुनै कानून अन्तर्गत कुनै अदालतबाट भइसकेको सजाय सोही कानूनबमोजिम नै कार्यान्वयन हुनेछ**" भन्ने प्रावधानसमेत रहेको देखिन्छ।

१७. यद्यपि माथि उल्लेखित उक्त दुवै कानूनी व्यवस्थाले कैदीको कैद सजाय छोट्याउने सम्बन्धमा सम्बन्धित कारागारलाई नै अधिकार प्रदान गरेको र उक्त व्यवस्था बन्धनकारी नभई कैदीको चालचलन, उमेर लगायतका विषय हेरी सम्बन्धित निकायमा सिफारिससम्म गर्न सक्ने सम्मको सुविधायुक्त प्रावधानसम्म रहेको देखिन्छ। यस प्रकार साबिक र हाल प्रचलित कारागार नियमावलीको उपर्युक्त व्यवस्थाबमोजिम सम्बन्धित कारागार कार्यालयले कैदीको बाँकी कैद अवधि माफी मिनाहाको लागि सम्बद्ध निकायमा सिफारिस गर्दै आएको र सोबमोजिम कैद सजायसमेत मिनाहा हुने गरेको अभ्यास र व्यवहारसमेत रहेको पाइन्छ। यस सन्दर्भमा निवेदक प्रमेश राजवंशीले निजलाई तोकिएको कैद सजायको ४० प्रतिशत कैद अवधि भुक्तान गरिसकेको अवस्थामा निजले पनि सो व्यवस्थाबमोजिम कैद सजाय छोट्याउने गरी सिफारिस प्राप्त गर्न पाउने निजको समेत हक रहे भएकै देखियो।

१८. तसर्थः माथि विवेचित तथ्य र आधार कारणसमेतबाट हाल प्रचलित फौजदारी कसूर (सजाय निर्धारण तथा कार्यान्वयन) ऐन, २०७४ लागू हुनुभन्दा अघिको कसूरको हकमा उसबखत प्रचलित साबिक कारागार नियमावली, २०२० को नियम २९(१) को कानूनी व्यवस्था यी निवेदक प्रमेश राजवंशीको हकमा पनि आकर्षित हुने नै देखिएको र यी निवेदकले निजलाई लागेको २० वर्ष कैद सजायमध्ये ४० प्रतिशत कैद सजाय भुक्तान गरिसकेको देखिदा निवेदक प्रमेश राजवंशीको चालचलन असल देखिए कानूनबमोजिम बाँकी कैदको सजाय माफी मिनाहाको लागि सिफारिस दिने व्यवस्था गर्नु भनी प्रत्यर्थीहरु कारागार कार्यालय नख्खु, ललितपुर र कारागार व्यवस्थापन विभाग समेतका नाममा परमादेशको आदेश जारी हुने ठहर्छ। बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरी थुना मुक्त हुन पाउँ भन्ने निवेदन जिकिरका सम्बन्धमा हेर्दा निवेदक प्रमेश राजवंशीलाई मोरङ जिल्ला अदालतबाट मिति २०७३।०३।२७ मा भएको फैसलाले तत्काल प्रचलित कानूनबमोजिम भएको २० वर्ष कैद सजाय भुक्तान गर्नको लागि निज हाल कारागार कार्यालय नख्खु, ललितपुरमा कैदमा रहेको र निजलाई तोकिएको कैद अवधि भुक्तान भई नसकेकोले उक्त कैद गैरकानूनी रहेको नदेखिदा निवेदन मागबमोजिम बन्दीप्रत्यक्षीकरणको आदेश जारी गरिरहनु नपर्ने ठहर्छ। दायरीको लगत कट्टा गरी, प्रस्तुत फैसलाको छायाँप्रतिसहित फैसलाको जानकारी

महान्यायाधिवक्ताको कार्यालयलाई दिई, प्रस्तुत फैसलाको विद्युतीयप्रति विद्युतीय प्रणालीमा प्रविष्ट गरी, मिसिल अभिलेख शाखामा बुझाई दिनू।

(विश्वम्भरप्रसाद श्रेष्ठ)
न्यायाधीश

उक्त रायमा सहमत छु।

(हरिप्रसाद फुयाल)
न्यायाधीश

इजलास अधिकृत(उपसचिव):- कृतिबहादुर बस्नेत
कम्प्यूटर टाईपः- विकेश गुरागाई
इति संवत् २०८० साल बैसाख ८ गते रोज ६ शुभम् ------------------------------।